मिति २०७७।४।२८ गते बुधवारका दिन बसेको बैठकमा कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणको विषयमा छलफल भई भएका निर्णयहरु।

निर्णय नं:-१

राजबिराज स्थित ग.ना.सिं. अस्पताल र आइसोलेसन केन्द्र मा स्वास्थ्यकर्मीहरु अत्यन्त अपुग भएको जानकारी भएकोले सबै ११ पालिकाहरुले तत्काल १/१ जना स्वास्थ्यकर्मी ग.ना.सिं. अस्पताल / आइसोलेसन केन्द्रलाई उपलब्ध गराउने।

निर्णय नं:-२

राजबिराज स्थित आइसोलेसन केन्द्रका अतिरिक्त थप २०० (दुई सय) बेडको आइसोलेसन केन्द्र संचालनमा ल्याउने।

निर्णय नं:-३

उक्त क्षमताको आइसोलेसन केन्द्र संचालनका लागि उपयुक्त स्थानको छनौट गरी स्वास्थ्य कार्यालय समितिले ५ (पाँच) दिन भित्र प्रस्तावित स्थानको रुपमा जिल्ला संकट व्यवस्थापन केन्द्रलाई जानकारी गराउने।

निर्णय नं:-४

यसरी (निर्णय नं ३ बमोजिमको) पेश भएको प्रस्तावित स्थानको नेपाली कांग्रेसका तर्फबाट श्री दिनेश कुमार यादव, ने.क.पा. का तर्फबाट श्री सुखराम यादव र ज.स.पा. का तर्फबाट श्री केदार यादव सहित जिल्ला संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुबाट स्थलगत अनुगमन गरी उपयुक्तताको हिसाबले प्रस्तावित स्थानहरु मध्येको स्थान छनौट गर्ने।

निर्णय नं:-५

आइसोलेसनका लागि निर्णय नं:-४ बमोजिम छनौट भएको स्थान जुन पालिकामा पर्न आउँछ सोही पालिकाले उक्त आइसोलेसन व्यवस्थापनको सम्पूर्ण जिम्मा मिलाउने/लिने। साथै, यो आइसोलेसनको खर्च सम्बन्धित पालिकाले जुटाउने।